कोशी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

पूर्वाधार विकास निर्देशनालय

# पूर्वाधार विकास कार्यालय, भोजपुर

भोजपुर, नेपाल

प.सं.: २०८२/०८३

च.नं.: मितिः २०८३/०३/१६

## "कर्मचारीमाथि भएको कुटपिट तथा सांघातिक आक्रमणप्रति गम्भीर ध्यानाकर्षण"

मिति २०८३/०३/१५ गतेका दिन अन्दाजी विहान ९:३० बजेको समयमा यस कार्यालयमा कार्यरत सब-इञ्जिनियर श्री आनन्द कुमार साह आफ्नो कार्यस्थल भोजपुर-मानेभञ्ज्याङ-बैकुण्ठे-बांसिखोरा-बालांखा-रानिटार सडक अन्तर्गत (रामप्रसादराई गाउँपालिका-७ छापगाँउ बांसिखोरा सडक खण्ड) निर्माण आयोजनाको स्थलगत अनुगमनका क्रममा गुणस्तर कायम गर्न निर्देशन दिदै गर्दा स्थानीय कामदारहरुको एक समूहले सांघातिक आक्रमण गरी निर्घात कुटपिट गरेको र कार्यालयको कार्य वातावरण भयवित बनाएको घटना प्रति यस कार्यालय गम्भीर दुःख व्यक्त गर्दै घोर भत्सर्ना गर्दछौ।

सार्वजनिक सेवा प्रवाह गर्ने क्रममा फिल्डमा खटिइ कामकाज गर्ने राष्ट्रसेवक कर्मचारीमाथी यस्तो हिंसात्मक, अमर्यादित तथा अराजक गतिविधि कुनै पनि दृष्टिकोणबाट स्वीकार्य हुन सक्दैन। यस घटनाले कर्मचारीहरुको मनोबलमा गम्भीर असर पार्नुका साथै सुरक्षित र मर्यादित कार्य वातावरणमाथि नै चुनौति सिर्जना गरेको छ। यस प्रकारको गैरकानूनी तथा अपराधिक घटनामा संलग्न व्यक्तिमाथि तत्काल निष्पक्ष छानबिन गरी प्रचलित कानून बमोजिम कडा कारबाही गर्न सम्बन्धित निकाय समक्ष पूर्वाधार विकास कार्यालय, भोजपुर जोडदार माग गर्दछौ।

यस घटनाबाट पिडित सब-इञ्जिनियर आनन्द कुमार साहको सिघ्र स्वास्थलाभको कामना गर्दछौ।